# शहिद लखन गाउँपालिकाको
# न्यायिक समिति (गठन तथा संचालन) कार्यविधि,
# २०७५

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

## शहिद लखन गाउँपालिकाको न्यायिक समिति (गठन तथा संचालन) कार्यविधि, २०७५

**प्रस्तावना:** नेपालको संविधानको धारा २१७ ले व्यवस्था गरे अनुसार कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्ने उदेश्यबाट शहिद लखन गाउँपालिकाको न्यायिक समिति (गठन तथा संचालन) कार्यविधि २०७५ तर्जुमा गरी पारित गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "शहिद लखन गाउँपालिकाको न्यायिक समिति (गठन तथा संचालन) कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"संविधान" भन्नाले नेपालको संविधान लाई सम्झनुपर्दछ ।

(ख)"गाउँपालिका" भन्नाले शहिद लखन गाउँपालिका सम्झनुपर्दछ ।

(ग) "कार्यविधि" भन्नाले शहिद लखन गाउँपालकाको न्यायिक समिति (गठन तथा संचालन) कार्यविधि २०७५ सम्झनुपर्दछ ।

(घ) "संयोजक" भन्नाले शहिद लखन गाउँपालिकाको न्यायिक समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(ङ) "सदस्य" भन्नाले शहिद लखन गाउँपालिकाको न्यायिक समितिको सदस्यहरुलाई सम्झनु पर्दछ ।

(च) "न्यायिक समिति" भन्नाले शहिद लखन गाउँपालिका, गोरखा अन्तर्गत गठन भएको न्यायिक समिति सम्झनु पर्दछ ।

(छ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ ।

**परिच्छेद २**

**न्यायिक समितिको गठन**

**३. गठन प्रक्रियाः** (१) नेपालको संविधानले व्यवस्था गरे अनुसारको कानुन बमोजिम आफ्नो शहिद लखन गाउँपालिकाको क्षेत्र भित्र ऐनले दिएको अधिकार र क्षेत्र भित्रको विषयमा विवाद निरुपण गर्न ऐनले दिएको अधिकार क्षेत्रभित्रको विषयमा मेलमिलाप सम्बन्धि कार्य गर्न न्यायिक समिति गठन गरिएको छ ।

(२) न्यायिक समितिमा निम्न पदाधिकारीहरु रहने व्यवस्था छ :

(क) शहिद लखन गाउँपालिकाको उपाध्यक्ष (संयोजक)

(ख) गाउँ सभाबाट मनोनित भएका २ (दुई) जना ( सदस्य)

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गैरहु, गोरखा २०७३

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

**४. समितिको काम, कर्तव्य र अधिकार:**

(१) प्रचलित कानुनले तोकेको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(२) शहिद लखन गाउँपालिका क्षेत्र भित्रबाट पर्न आएका गुनासो, उजुरी जस्ता निवेदनहरुलाई दर्ता गरी व्यवस्थित गरिनेछ ।

(३) आफ्नो अधिकार क्षेत्र भित्र रहेको उजुरीहरु न्यायिक समितिमा छलफलका लागि प्रस्तुत गरिने र आवश्यक महसुस भएमा दुवै थरीलाई झिकाई विषय विशेषज्ञ समेत रहेको बैठकमा प्रस्तुत गरिनेछ ।

(४) समितिबाट भएको निर्णयहरु पूर्ण रुपमा अभिलेखीकरण गरी सुरक्षित राखिने छ ।

(५) समितिले आवश्यक ठानेको अवस्थामा विवादका पक्षहरुलाई उपस्थित गराई प्रचलित कानुन बमोजिम कार्यविधि अपनाई विवादको निरुपण गर्नेछ ।

(६) मध्यस्थता समितिको गठन आवश्यकता अनुसार अनुसूचि(१) बमोजिम आमन्त्रित गरिनेछ ।

**५. समितिको बैठक बस्ने स्थान:** समितिको बैठक शहिद लखन गाउँपालिका न्यायिक समितिको कार्यालयमा बस्नेछ ।

**६. कर्मचारी व्यवस्थापन तथा बैठकको सूचना:** (१) न्यायिक समितिको बैठकको सूचना गर्न वा अन्य कुनै प्रशासनिक कार्य गर्नका लागि एक जना कर्मचारी तोकिनेछ ।

(२) न्यायिक समिति वा संयोजकको निर्देशन अनुसार दफा ६ को उपदफा (१) मा तोकिएको व्यक्तिले बैठकको सूचना समितिको सदस्य र आमन्त्रित पदाधिकारी एवं बैठकमा बोलाउनुपर्ने तथा अन्य व्यक्तिहरुलाई खबर दिनुपर्नेछ ।

**७. बैठकको गणपूरक संख्या:** न्यायिक समितिको संयोजक र सदस्यहरु मध्ये कम्तिमा १ जना सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

**८. बैठकमा छलफलका बिषयबस्तु प्रस्तुत गर्ने विधि:**

(१) शहिद लखन गाउँपालिका भित्र पर्न आएका उजुरी एवं विवाद लगाएतका निवेदनहरु शहिद लखन गाउँपालिकामा दर्ता भई समिति समक्ष पेश गरिने छ ।

(२) समिति समक्ष पेश भएको उजुरी तथा विवादको विषयमा सबै सदस्यहरुले आ-आफ्नो विचार मतको रुपमा राख्न पाउनेछन् ।

(३) बैठकमा एउटा सदस्यले मत वा विचार राखिरहँदा अर्कोले पालो पर्खनु पर्ने र पालैपालो आ-आफ्नो मत वा विचार राख्न पाउनेछन् ।

(४) बैठकमा आमन्त्रित सदस्य तथा विशेषज्ञले आफ्नो राय प्रस्तुत गर्न सक्नेछ ।

(५) बैठकमा पेश गरिएको उजुरी एवं विवादका विषयमा पर्याप्त विचार, विमर्श र छलफल भई उचित निर्णय हुन सक्ने वातावरण बैठकको संयोजकले मिलाउनु पर्नेछ ।

**९. निर्णय प्रक्रिया:**

(१) बैठकमा प्रस्तुत छलफलका बिषयमा छलफल सम्पन्न भएपछि सो बिषयमा के निर्णय गर्ने भनि सहमति गरी संयोजकको सहमतिमा निर्णय प्रस्तुत गरिनेछ ।

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

(२) न्यायिक समिति बैठकको संयोजक सहितको बहुमत सदस्यको मतलाई निर्णय मत मानिने छ ।

(३) बहुमत द्वारा पारित निर्णयमा कुनै सदस्यको फरक मत भएमा उसलाई फरक मत राख्ने समय उपलब्ध गराईनेछ ।

**१०. अभिलेख व्यवस्थापन:**

(१) बैठकबाट पारित निर्णयको अभिलेख गर्न एक छुट्टै अभिलेख पुस्तिकाको व्यवस्था गरिनेछ ।

(२) बैठकबाट पारित भएको सबै निर्णयहरु निर्णय पुस्तिकमा अभिलेख गरी सुरक्षित राखिनेछ ।

(३) न्यायिक समितिको निर्णय पुस्तिका शहिद लखन गाउँपालिका अन्तर्गत न्यायिक समितिको कार्यालयमा तोकिएको कर्मचारीको जिम्मेवारीका रहनेछ ।

**११. निर्णय प्रकाणिकरण:** न्यायिक समितिको बैठकको छलफलबाट भएको निर्णयको प्रमाणिकरण संयोजक र उपस्थित सम्पूर्ण सदस्यहरुको हस्ताक्षरबाट हुनेछ ।

**१२. गोपनियता:** न्यायिक समितिको बैठकमा भएको छलफलमा संयोजक तथा सदस्य वा आमन्त्रित व्यक्तिले समितिको हित र उचित निर्णयमा पुग्न दिएको राय र विचारलाई कसैले पनि प्रकाशमा ल्याउन हुँदैन ।

**१३. बैठक भत्ता:** न्यायिक समितिमा भाग लिएबापत समितिको संयोजक, सदस्य र आमन्त्रित सदस्यले पाउने बैठक भत्ता नेपाल सरकारले तोके बमोजिम वा शहिद लखन गाउँ कार्यपालिकाले तोके बमोजिमको हुनेछ ।

**१४. आमन्त्रण गर्न सक्ने:** न्यायिक समितिले दर्ता भएको उजुरी वा विवादको बिषयमा छलफल गर्नको लागि बैठकमा आवश्यक ठानेको बिषयवज्ञ, ब्यक्ति, कर्मचारी वा कुनै पदाधिकारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद ३

**१५. रिक्त पद व्यवस्थापन:**

(१) कुनै कारणबाट न्यायिक समितिको संयोजक वा सदस्यहरुको स्थान रिक्त रहेमा अर्को व्यवस्था नभए सम्मको लागि गाउँ सभाले त्यस्तो व्यक्ति तोक्न सक्नेछ र उसले सो रिक्त रहेको पदको काम सम्हाल्नेछ ।

(२) दफा (१५) को उपदफा (१) बनेको न्यायिक समितिको संयोजक वा सदस्यको पद पूर्ति भएपछि ऐन बमोजिमको समिति बन्नेछ ।

## परिच्छेद ४

**१६. संशोधन गर्ने अधिकार:**

(१) यो कार्यविधि संशोधन गर्नुपर्ने आवश्यक ठानेमा गाउँ कार्यपालिकालाई यस कार्यविधि संशोधन गर्ने अधिकार हुनेछ ।

**१७. बार्षिक प्रतिवेदन:** न्यायिक समितिले आफुले गरेको काम कारवाहीको बार्षिक प्रतिवेदन गाउँ सभामा पेश गर्नुपर्नेछ ।

**१८. हेरफेर / थपघट:** यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा, अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनको लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

शहिद लखन गाउँ कार्यपालिकाको कार्यालय
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

१९. यस कार्यविधिका कुनै प्रावधानहरु संविधानका प्रचलित कुनै कानुन एवं ऐन नियमावली सँग बाझिएको अवस्थामा त्यस्तो बाझिएको हद सम्म अमान्य हुनेछ ।

२०. न्यायिक समितिमा दर्ता हुन आएका उजुरी वा विवादहरु आफ्नो अधिकार क्षेत्र भित्रको विवाद हो वा होइन भन्ने विषयमा समितिले निर्णय गर्नेछ । सो सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा गाउँसभाले निर्णय गर्न सक्नेछ ।

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि १

### दफा (४) उपदफा (६) संग सम्बन्धित

(क) प्रचलित कानुन बमोजिम पेश भएको विवाद सुरु, कारबाही र किनारा लगाउने प्रयोजनका लागि गाउँपालिकाले स्थानीय व्यक्ति एवं सामाजिक अगुवा कार्यकर्ताहरु मध्येबाट उपयुक्त देखिएका व्यक्तिहरुको सहमति लिई कम्तिमा ३ जनाको नाम, थर र वतन समेत खुलाई मध्यस्थता सूचि तयार गरी सार्वजनिक गर्न सक्नेछ ।

(ख) विवादका पक्ष र विपक्षीले चाहेमा आफ्नो तर्फबाट २/२ जना व्यक्ति नियुक्त गर्न सक्नेछ ।

मिति २०७५।०१।२० गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणि गर्दछु ।
नामः जीवन बहादुर आले मगर
पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

प्रमाणिकरण मितिः २०७५।०१।२०

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थेर्दुङ, गोरखा
२०७३